लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं.: २०८१/०८२
च.नं.:

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०१/३१

**धार्मिक प्रकृतिका विद्यालयहरूले प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।**

यस निर्देशनालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा **कक्षा १० वा सोभन्दा माथि कक्षा सञ्चालन गरेका धार्मिक विद्यालयहरूलाई सहयोग कार्यक्रम** अन्तर्गत धार्मिक प्रकृतिका विद्यालहरूलाई प्रस्तावमा आधारित अनुदान उपलब्ध गराउनका लागि लुम्बिनी प्रदेशभित्र सञ्चालित इच्छुक धार्मिक प्रकृतिका विद्यालयहरू (गुरुकुल, मदरसा, गुम्बा आदि) को पूर्वाधार विकासका लागि देहायबमोजिमका कागजातसहित मिति २०८२ जेठ १४ गते कार्यालय समयभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरूमा यसैसाथ संलग्न ढाँचामा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्तावको साथमा पेस गर्नुपर्ने कागजातहरू**

१. धार्मिक प्रकृतिका विद्यालयले प्राप्त गर्ने अनुदानबाट गरिने कार्यहरू खुल्ने गरी तोकिएको ढाँचामा विद्यालयको सङ्क्षिप्त विवरणसहितको प्रस्ताव पत्र ।
२. विद्यालय व्यवस्थापन समिति गठन भएको निर्णय प्रतिलिपि एवम् समयभित्रै योजना तथा कार्यक्रम सम्पन्न गर्ने तथा प्रचलित आर्थिक कार्यविधि ऐन र नियमअनुसार कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
३. विद्यालयका लागि कार्यक्रम आवश्यक रहेको र प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्थापकीय एवम् प्राविधिक सहयोग उपलब्ध हुने सम्बन्धित स्थानीय तहको प्रतिबद्धतासहितकों सिफारिस पत्र ।
४. कक्षा १० वा सोभन्दा माथिल्लो कक्षाको अनुमति प्राप्त गरेको पत्र ।
५. स्थानीय तहबाट प्रमाणित सम्बन्धित विद्यालयको IEMIS रिपोर्ट ।
६. विद्यालयको आ.व. २०८०/८१ को सामाजिक परीक्षण र लेखा परीक्षण प्रतिवेदन ।

२०८२/०१/३१

(नारायणप्रसाद पोखेल)
नि. महानिर्देशक

**बोधार्थः**
श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै) : सम्बन्धित जिल्लाभित्रका कक्षा १० वा सोभन्दा माथि सञ्चालित धार्मिक प्रकृतिका विद्यालयहरूलाई सूचना प्रवाह गरी प्रस्ताव सङ्कलन गर्नुहुन र एकमुस्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय प्रति (Excel) समेत यस निर्देशनालयमा पठाइदिनुहुन ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## पेस गर्नुपर्ने प्रस्तावको ढाँचा

१. धार्मिक प्रकृतिका विद्यालयको विवरण :

विद्यालयको नाम :............................................ स्थानीय तह :.............................. वडा नं........... जिल्ला :..............

प्र.अ.को नाम, थर :............................................ मोबाइल नं.................................. सञ्चालित कक्षा :...................

विद्यालयको PAN No................. विद्यालयको इमेल ठेगाना :............................ विद्यालयको IEMIS ID..................

२. विद्यालयको पृष्ठभूमि : ............ .......................... ........................ ......................... ................. ..............

...................... ..................... ............................ ........................ ...................... ......................... ...........

३. प्रस्तावित कार्यक्रम माग गर्नुपर्ने कारण र औचित्य : .............................. ....................... ..............................

........................ ........................ .................... ............................. ............................... ..........................

४. विद्यालय सञ्चालनको स्रोत : .................... .................... ..................... .................... .................. ...............

५. अध्ययनरत विद्यार्थी सङ्ख्या : छात्रा.........................छात्र...............................जम्मा...............................

६. विषयगत शिक्षक सङ्ख्या :

| क्र.सं. | शिक्षकको नाम, थर | अध्यापन गर्ने विषय | अनुभव वर्ष | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. विद्यालयको भौतिक अवस्था : विद्यालय भवन सङ्ख्या :.................. पक्की भवन :.............. कोठा सङ्ख्या :..............

८. कम्पाउण्डवाल/ घेरावारको अवस्था :...................... .................. ........................... ..........................

९. फर्निचर व्यवस्थापनको अवस्था : .................... ............... .................. ...................... .........

१०. शौचालय विवरण : छात्रा शौचालय.................................. छात्र शौचालय..................................

११. विद्यालयमा रंगरोगनको अवस्था :................ ........................ ................. .................. ................

१२. सञ्चालन गरिने कार्यक्रमको लागत अनुमान (क्रियाकलापगत रूपमा)

| क्र.सं | क्रियाकलाप | सञ्चालन प्रक्रिया | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१३. कार्यक्रम सञ्चालनपश्चात् हुने अपेक्षित उपलब्धि :............... ...................... .......................... ..............

........................ ............................ ........................ ........................ ....................... .........................

प्रअको नाम

हस्ताक्षर

विद्यालयको छाप

विव्यस अध्यक्षको नाम

हस्ताक्षर

नि. महानिर्देशक